सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित



# बाल सरोकार

Child Concerned

नेपाली मासिक ई–पत्रिका

वर्ष २, अंक १, कार्तिक २०६४, काठमाण्डौ

## यस अंकमा......

१. सम्पादकीय

२. बालबालिका जोखिममा

३. कपिलबस्तु घटना र बालबालिका

४. मत अभिमत

५. गतिविधि

६. तथ्य/तथ्याङ्क

७. पाठक प्रतिक्रिया

## महिनाको तस्वीर...



तस्वीर : माधव लोहनी

जस्तै परे आपत विपत जीवनमा गाह्रो !
आफ्नै नानी हुँदो रैछ सबैभन्दा प्यारो !!

*सम्पादकीय :*

# ई-बाल सरोकारको एक वर्षे यात्रा

गत वर्ष कार्तिक महिनामा जन्म भएको बाल सरोकारले दोश्रो वर्षमा प्रवेश गरेको छ । सर्वप्रथम एकवर्षे हाम्रो सहयात्रामा हातमा हात मिलाएर साथ दिने तमाम पाठकहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

एक वर्षको दौरानमा देशमा केही महत्वपूर्ण परिवर्तन भएका छन् । खासगरी, देशमा विगतमा लामोसमयदेखि युद्धरत नेकपा माओवादी पार्टीले शान्ति प्रक्रियामा सहभागी हुँदै अन्तरिम व्यवस्थापिका र अन्तरिम सरकारमा समेत सामेल भयो । त्यसो त यसै अवधिमा अन्तरिम संविधान निर्माण भयो र नेपालको इतिहासमा प्रथम पटक बालबालिकाको शिक्षा र आधारभूत स्वास्थ्यको हकलाई मौलिक हकमा व्यवस्था गरी संवैधानिक सुनिश्चिता गर्ने काम भयो । यी र यस्ता थुप्रै सकारात्मक परिवर्तनका बारेमा बाल सरोकारले आफ्ना मूल बिषयका रुपमा उठान गरेको थियो । यसो हुँदाहुँदैपनि बाल सरोकारले हाम्रै सेरोफेरोमा बालअधिकारका उल्लंघनका घटनाहरुलाई पनि पस्कने काम गर्‍यो ।

निश्चय पनि यस दौरानमा हामीले उठाएका बिषयबस्तुले समग्र बालबालिकाको बिषयलाई समेट्न सक्यो कि सकेन ? त्यो त तमाम पाठकहरुले महसुस गर्नुभएकै छ । तर हामीले उठाएका यस्ता बिषयबस्तुका माध्यमबाट नेपालमा बालअधिकारको क्षेत्रमा भएका परिवर्तनलाई केही हदसम्म भएपनि अभिलेखका रुपमा तयार गरी तमाम पाठकहरुका सामु राख्ने काम भने हामीले गरेका छौं । चाहे त्यो, अन्तरिम संविधान, राष्ट्रिय योजना र नीतिमा समावेश भएका बालअधिकारका कुरा होस् वा चाहे त्यो, बालअधिकारका उल्लंघनका घटनाहरु, लामो समयसम्म विद्यालय बन्द हुँदा बालबालिकाले खेप्नु परेको सास्ती होस् वा राजधानीमा भएको बम काण्डमा बालबालिकाको मृत्यु तथा बाढी पहिरोका कारण विस्थापित हुन पुगेका बालबालिकाको बिषय नै किन नहुन् ? बाल सरोकारले यी बिषयलाई आफ्नो अग्रबिषयका रुपमा प्रस्तुत गरेको दृष्टान्त छ ।

यसरी हामीले प्रस्तुत गरेका बिषयबस्तुलाई हाम्रो निष्ठा, मूल्य र मान्यताले सकुन्जेल स्पष्ट र विस्तृत रुपमा पाठकहरु सामू पस्केका छौं । यसलाई अझ हामी निरन्तर अगाडि बढाउने नै छौं आगामी दिनमा पनि । हामी चाहन्छौ, देशमा जुनसुकै बेला जस्तोसुकै परिवर्तन वा अवस्था होस्, बालबालिकाका कुनै पनि बिषयलाई छुटाउनु हुँदैन । जहिलेपनि बालबालिकाका बिषयबस्तुले प्राथमिकता पाउनुपर्दछ ।

अन्तमा, विजया दशमी तथा दिपावलीको अवसरमा देशका सम्पूर्ण बालबालिकाको उत्तरोत्तर प्रगति र समृद्धिको कामना गर्दै तमाम पाठकहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । र, रचनात्मक सुझावको सदैव अपेक्षा गर्दछौं ।


आपतकालिन अवस्थामा परेका बालबालिकाका लागि तत्काल राहत तथा परामर्श सेवाका लागि

**नि:शुल्क बाल हेल्पलाइन**

**१०९८ (दश नौ आठ) सुरु भयो**

काठमाण्डौ हेटौंडा विराटनगर पोखरा नेपालगञ्ज

## निर्दोष बालकको अमानवीय हत्या

ललितपुर बास- असोज १७ गते विद्यालयबाट आफ्नो घर फर्किरहेका ८ वर्षका बालक धिरज अधिकारीलाई अपहरणकर्ताले अपरहण पश्चात हत्या गरेका छन् । कोटेश्वर बालकुमारीस्थित मनोहरा पुलमुनि खोलामा फोहर टिप्दै गरेका बालकले खबर गरेपछि प्रहरीले उनको शव फेला पारेको थियो । बालक धिरज नख्खुस्थित सहिद धर्मभक्त इङ्लिस स्कूलमा कक्षा २ मा अध्ययनरत थिए ।

प्रहरीले अपहरित बालक धिरजलाई मारेर बोरामा पोको पारी फ्याँकिएको अवस्थामा फेला पारेको थियो । प्रहरीले बालकको अपहरण र हत्यामा संलग्न नविन श्रेष्ठ, टिकाराम श्रेष्ठ र मनोजकुमार लामालाई नियन्त्रणमा लिएको छ ।

राजधानीमा अपहरणपछि मारिएका धिरज पहिलो बालक भने होइनन् । गतवर्ष पनि यसैगरी अपहरित बालक विवेक लुइँटेलको शव दशैंको अष्टमीको दिन कालोपुलमा भेटिएको थियो । राजधानीमा सुरक्षा व्यवस्था अत्यन्त कमजोर भएको कारण बालबालिका कुनैपनि बेला अपहरणमा पर्ने र उनीहरुको हत्या हुने गरेको पाइएको छ । यस अवस्थामा राज्यले तुरुन्त विशेष ध्यान दिनु जरुरी छ ।

## तराई बन्द र बालबालिका

बन्द नेपालको नियती नै बनिसकेको छ । सन् २००७ को जुलाई, अगष्ट र सेप्टेम्बरमा नेपालका तराईका विभिन्न भाग ५८ दिन नै बन्द रहे । तीन महिनामा ३४ दिन मात्र खुल्ला क्षेत्रमा रहनु देशको लागि दुर्भाग्य नै हो । बन्दको कारण जनजीवन त प्रभावित भएकै छन् , त्यसमाथि पनि बालबालिकालाई यसले दीर्घकालीन रुपमा असर पर्ने गरेको छ ।

बन्दमा शैक्षिक संस्था पूर्णतया प्रभावित हुने गरेका छन् । बालबालिकाको विकासको पूर्वाधार शिक्षा, स्वास्थ्य र पोषणमा यसले नराम्ररी असर पारेको छ । तथ्याङ्कअनुसार गरिबीका रेखामुनिका करिब ३३ प्रतिशत नेपालीहरु दैनिक श्रम गरेर जीवन निर्वाह गर्दछन् । यसरी जीवन निर्वाह गर्ने परिवार जसले सडकमा रिक्सा, ठेला, भरिया, विभिन्न पसलमा मजदुरी र ज्याला मजदुरी गर्नेहरुका बालबालिकाहरुको खाना समेत गुमेको छ । तराई अधिकांश गरिब जनताहरु मुसहर, मेचे, बोटे, हरिजन,कोहार,पासवान, दुसात, राम, कुसवाहरुको जीवन दैनिक श्रममा निर्भर रहेको छ, भने खेती गरेर जीविका निर्वाह गर्ने थारु (चौधरी, कोइरी) लागयतका किसानहरुले उत्पादन गरेका तरकारीहरु बारीमै कुहिएर गएको छ । यसरी श्रममा निर्भर परिवारका बालबालिकाको अवस्था झनै दयनीय अवस्थातिर धकेलिएको छ ।

तराईका जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत, ज्वाला, विष्फोट), तराई जनअधिकार फोरम, माओवादी तथा उसका भगिनी संगठनहरु, नेपाल सद्भावना पार्टी, गरिब मुक्ति मोर्चा नेपाल, सेती महाकाली सुकुम्बासी मुल समिति, दलित संघर्ष समिति, मधिसे मुक्ती टाइगर, संयुक्त थारुहट, संयुक्त थारु राष्ट्रिय मोर्चा, लिम्बुवान, कपिलबस्तु विस्थापित समुदाय, लगायतका आन्दोलनलाई कम गर्न सरकारद्वारा गरिएका कर्फ्यूका कारण निरन्तर रुपमा तराई बन्द भइरहेको छ ।

देश विकासका मेरुदण्ड बालबालिकाको भविश्यको सुनिश्चितताका लागि राज्यले स्विकारेको बालबालिका शान्ति क्षेत्रको आवधारणालाई वास्तविक रुपमा कार्यान्वयन गरिनु पर्दछ । बालबालिकाको विकासका सबै अवरोधहरु सबै तुतकाल हटाउनु पर्दछ । बन्द हड्ताल जस्ता कार्य सधैंको लागि अन्त्य गरी गर्न ढिला भइसकेको छ । बालअधिकार र मानवअधिकारका लागि कार्यरत संघसस्था, नागरिक समाजले आजै देखि बालबालिकाको अधिकारको सुनिश्चितताको लागि सशक्त ढङगबाट आवाज उठाई सबैबाट कार्यान्वयन गराउन पहल गरिनु पर्दछ ।

– शुभराज पोखरेल

# कपिलवस्तु घटनामा प्रभावित बालबालिका' बिषयमा तयार पारिएको स्थलगत प्रतिवेदन सार्वजनिक



कपिलबस्तु बास– गत भाद्र ३० गते कपिलबस्तुमा भएको घटनामा सयौको सख्यामा बालबालिकाहरु विस्थापित भएको र २० जना भन्दा बढी बालबालिका बेपत्ता भएको प्रारम्भिक प्रतिवेदनले देखाएको छ । सिविन नेपालको नेतृत्वमा गएको सत्य तथ्य अनुगमन टोलीले आज राजधानीमा सार्वजनिक गरेको प्रतिवेदनमा उक्त कुरा उल्लेख छ ।

प्रतिवेदनका अनुसार कपिलवस्तु घटनामा कति बालबालिकाको मृत्यु र कति जना घाइते भएका छन् भन्ने कुनै जानकारी प्रशासनसँग छैन । बालबालिकाको अवस्था बाहेक समग्र घटनाको बारेमा पनि जिल्ला प्रशासनसँग तथ्य तथ्याङ्क नै नभएको उक्त प्रतिवेदनमा उल्लेख छ ।

लुम्बिनी अस्पताल बुटवलमा ४० वर्ष नाघेकाहरु मात्र उपचार गरिरहेका छन् भने कपिलवस्तुको जिल्ला अस्पतालमा उपचार गराइरहेका दुई बालबालिकासँग मात्र सम्पर्क भएको उक्त अध्ययन टोलीले जनाएको छ ।

त्यसो त विस्थापित बालबालिकाहरुलाई सिविनले आपतकालिन राहत उपलब्ध गरिएको छ । स्थलगत भ्रमणबाट देखिएको अवश्यकता अनुसार कपिलबस्तुका ३ वटा शिबिरमा रहेका ६५४ जना बालबालिकाको लागि आपतकालिन राहत वितरण गरिएको छ ।

यसैगरी सिविन नेपालले नेपाल तारा प्राथमिक विद्यालय मगरगट्टामा रहेका २५२ जना, सिद्धार्थ क्याम्पस ४ नं मा रहेका २७५ जना र शिवपुर मा.वि. सुन्दरेडाँडाँमा रहेका १२७ जना गरी जम्मा ६५४ जना बालबालिकाको लागि अत्यवश्यक खाद्य सामाग्री, सरसफाइका सामाग्री, खेलकुदका सामाग्री तथा साना बालबालिकाका लागि खेलौनाहरु एवम् अत्यावश्यक देखिएका २७५ जना बालबालिकालाई लगाउने लुगा उपलब्ध गराएको छ । साथै शिविरमा फैलेको झाडावान्ता र आँखा, ज्वरो, घाउ खटिरा, कान पाक्ने जस्ता रोगहरुको प्राथमिक उपचारको लागि स्थानीय स्वास्थ कार्यकर्ता मार्फत औषधी पनि उपलब्ध गराइएको छ ।

सिविनले उक्त राहत सामाग्री राष्ट्रिय मानव अधिकार आयोग, एड्भोकेशि फोरम कपिलवस्तु, इन्सेक जिल्ला प्रतिनिधि, स्थानिय सञ्चारकर्मी, तथा स्थानिय राजनैतिक दलका प्रतिनिधि शिबिर व्यवस्थापन पक्ष र नेपाल रेडक्रस सोसाइटी कपिलवस्तुसँग समन्वय गरेर वितरण गरिएको थियो ।

# समुन्नत, समृद्ध, नयाँ नेपाल !

# नयाँ नेपालको निर्माण

# बालबालिकाको साथमा थालौं !!!

CWIN

Plan
Be a part of it.

## मत अभिमत

आजका बालबालिका नै भोलिका राष्ट्रका नेतृत्व हुन् । बालअधिकारको संरक्षण बिना बालबालिकालाई बालअधिकारको प्रत्याभूति दिन सकिँदैन । त्यसैले बालअधिकार सबैको सरोकार हो । बालअधिकारको संरक्षण आजको प्रमुख सरोकारको बिषय हो । हामीले बालअधिकारको संरक्षणमा क–कस्को के भूमिका हुन्छ होला भनेर विभिन्न बालक्लबका बालबालिकालाई सोधेका थियौं । उहाँहरुले सो विषयमा यस्तो जवाफ दिनुभएको थियो । – सम्पादक

बालअधिकारको संरक्षणमा सवैभन्दा ठूलो भूमिका राज्यको हुन्छ । राज्यका प्रत्येक बालबालिकाको बालअधिकारको सुनिश्चितता गर्नु उसको दायित्व हुन्छ । देशभित्रका प्रत्येक बालबालिकाको गाँस, बास र कपासजस्तो आधारभुत आवश्यकताको परिपूर्ति गर्नु नै हाम्रो सन्दर्भमा बालअधिकारको संरक्षण हो ।

–देवकी अधिकारी
जिल्ला बालक्लब सञ्जाल, ढुङखर्क गाविस १ काभ्रे

बालअधिकार भनेको बालबालिकाको बाँच्न पाउने अधिकार,संरक्षण, विकास र सहभागिताको अधिकार हो । यी अधिकारहरु प्राप्त गर्नको निम्ति व्यक्ति, परिवार, समुदाय र राष्ट्रको सहयोग आवश्यकता पर्दछ । उनीहरुको हरेक व्यवहारले बालअधिकारको निम्ति योगदान दिने किसिमको हुनुपर्दछ । सबै समुदायको योगदानबाट मात्र बालअधिकारको संरक्षण हुन सक्छ ।

– गायत्री खकुरेल
सदस्य, कैलावती बालअधिकार चेतना समूह बेल्कोट ७ अमारे नुवाकोट

सर्वप्रथम बालअधकिार सबैको सरोकार हो । कसैले पनि बालअधिकारको सम्मान र संरक्षण म गर्दिन भन्नु भएन । बालअधिकारप्रति सबैको प्रतिबद्धता चाहियो । बालअधिकारको संरक्षणमा उ जन्मेको परिवारको विशेष भूमिका हुन्छ । त्यसमा पनि उसलाई काखमा राखी हुर्काउने आमाको भूमिका महत्वपूर्ण हुन्छ । बालबालिकाको हरेक आवश्यकता पूरा गर्न उसले खेल्नुपर्ने कदमहरुको बारेमा सहयोग गर्ने उसको परिवार हो । परिवारमा नै बसी हुर्कने, बढ्ने र पढ्ने हुनाले सबैभन्दा ठूलो भूमिका उसको परिवारको हुन्छ ।

– लिलाबल्लभ भुषाल
जागृति बाल क्लब प्रगतिनगर ३ जागृतिटोल नवलपरासी

बालअधिकारको संरक्षणमा प्रत्येक व्यक्तिको सजगता आवश्यक हुन्छ । परिवारको माया, स्नेह, ममताको आवश्यकता हुन्छ। समुदायले उसको हरेक क्रियाकलापमा सहयोगीको भूमिका खेल्नु पर्दछ। राष्ट्रले एउटा बालक पूर्ण बालक बनाउने वातावरण बनाउन सहयोग गर्नुपर्दछ । त्यसैगरी अन्तराष्ट्रिय समुदायको बालअधिकारको सम्मान गर्ने वातावरण बनाउन महत्वपूर्ण सहयोग हुनुपर्दछ।

– राममाया अधिकारी
इन्द्रायणी बाल क्लब निलकण्ठ ५ पुच्छारबजार धादिङ

बालअधिकारको संरक्षणमा व्यक्ति, परिवार, समुदाय, गैरसरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा सरकारको महत्वपूर्ण भूमिका हुन्छ। सबैले बालअधिकारको उपयोग गर्ने वातावरण तयार गर्नुपर्दछ।

– सुजाता पाठक
प्रगतिशिल बाल क्लव खैरहनी १ पिपरा पाठकटोल चितवन


बालअधिकार सम्बन्धी सम्पूर्ण जानकारीका लागि पाक्षिक रेडियो पत्रिका

**बाल चौतारी**

आइतबार बेलुकी ६ देखि ६.४५ बजेसम्म
रेडियो सगरमाथा एफ.एम १०२ थोप्लो ४ मेगाहर्जमा
अवश्य सुन्नुहोस्




## हार्दिक बधाई

वरिष्ठ बालअधिकारवादी तथा सिविन नेपालका संस्थापक अध्यक्ष श्री **गौरी प्रधान** राष्ट्रिय मानवअधिकार आयोगको गरिमामय सदस्य पदमा नियुक्त हुनुभएको हार्दिक बधाई ज्ञापन गर्दछौ । उहाँको नियुक्तिसँगै नेपालमा मानवअधिकार तथा बालअधिकारको आन्दोलन अझ थप उचाइमा पुग्ने विश्वास हामीले गरेका छौ । उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै, उहाँको कार्यकालको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

बाल सरोकार तथा सिविन नेपाल परिवार

# वक्तृत्वकला प्रतियोगिता सम्पन्न

भक्तपुर बास– सिविन नेपालसँग आबद्ध बालअधिकार मञ्च श्री आर्दश माध्यामिक विद्यालय लायक्‌ु ठिमी भक्तपुरले अन्तराष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा "संविधानसभा चुनावमा बालबालिकाको भूमिका" बिषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ । संविधानसभाको बारेमा विद्यार्थी वर्गलाई पनि सचेत गराउने उद्देश्यले आयोजना गरेको उक्त प्रतियोगितामा भक्तपुर अंग्रेजी माविका मिलन सरदार प्रथम, आदर्श मावि लायक्‌ु ठिमीकी करुणा श्रेष्ठ द्वितीय र नगदेश पब्लिक स्कूलका महेश दुवाल तृतीय भएका थिए । मञ्चकी अध्यक्ष गोमा खड्‌काको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा विजयी प्रतियोगीहरुलाई सिविन नेपालबाट उपलब्ध गराईएको पुरस्कार वितरण गरिएको थियो ।

# हाजिरीजवाफ प्रतियोगिता सम्पन्न

नुवाकोट बास–बालदिवसको उपलक्ष्यमा बालक्लब संजाल नुवाकोट, जिल्ला बालकल्याण समिति नुवाकोट र सिविन नेपालको संयुक्त आयोजनामा अन्तर माध्यामिक विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । जम्मा १० वटा विद्यालय सहभागी भएको उक्त प्रतियोगितामा निरन्जना मावि बेल्कोट नुवाकोट प्रथम, त्रिभुवन त्रिशुली उच्च मावि त्रिशुली द्वितीय र भैरवी मावि अशोक बाटिका तृतीय भएका थिए । बालक्लव संजाल नुवाकोटका अध्यक्ष पुष्कर थपलियाको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा सिविनका भुमराज तिवारी, जिल्ला बालकल्याण समितिका सदस्य इन्द्रबहादुर पण्डित लगायतकाले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# काभ्रेमा जिल्ला बालभेला




काभ्रेपलाञ्चोक बास– जिल्लाका ७० वटा बाल क्लबका ९९ जना बालबालिकाको सहभागितामा यही असोज १४–१५ गते धुलिखेलमा जिल्लास्तरीय बालभेला सम्पन्न भएको छ । भेलाले बालअधिकारको माग गर्दै संविधानसभाको निर्वाचनमा बालअधिकारका विषयलाई स्थापित गरी नयाँ बन्ने संविधानमा बालबालिकाको अधिकारको सुनिश्चित गर्न आह्वान गरेको छ । नेपाल सरकारले बालअधिकारका निम्ति विभिन्न समयमा गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई कार्यान्वयनको निम्ति स्मरण गराउँदै बालबालिकाको साथमा नयाँ नेपालको निर्माण थाल्न भेलाले माग गरेको छ । नेपाल सरकार, राजनैतिक पार्टीहरु, सामाजिक संघ संस्था तथा सरोकारवालालाई बालअधिकार सुनिश्चितता र कार्यन्वयनका लागि भेलाले १६ बुदैं काभ्रे घोषणापत्र जारी गरेको

छ । यसरी जारी गरिएको घोषणापत्रमा अनाथ, असाहाय, जोखिम परिस्थितिका र परित्यक्त बालबालिकाको आधारभूत अधिकारका साथै राज्यद्वारा गाँस, बास र कपासको ग्यारेन्टी गरिनुपर्ने बताइएको छ ।

यसैगरी संविधानसभाबाट बन्ने नयाँ संविधानमा शिक्षा, स्वास्थ्य र परिचयको अधिकारलाई मौलिक अधिकारका रुपमा सुनिश्चित गरिनुपर्ने, सबै बालबालिकामा शिक्षाको पहुँच पुर्‍याई १२ कक्षासम्म नि:शुल्क तथा अनिवार्य शिक्षाको ग्यारेन्टी गर्ने गरी संविधानमा व्यवस्था गरिनुपर्ने समेत घोषणापत्रमा उल्लेख गरिएको छ ।

उक्त भेलालले निगम गुमागाईको अध्यक्षमा १३ सदस्यीय एक जिल्लास्तरीय बाल क्लब सञ्जाल समेत निर्माण गरेको छ ।

## राष्ट्रिय नीतिमा बालिकाको सवाल समेटिनुपर्ने




काठमाण्डौ बास– सरकारले राष्ट्रिय नीतिमा रहेका बालिकाको सवाल कार्यान्वयन नगर्दा यस क्षेत्रमा समस्या यथावतै रहेको यस क्षेत्रसँग सम्बन्धित विज्ञहरुले बताएका छन् । सिविन नेपालद्वारा आयोजित राष्ट्रिय नीतिमा बालिकाका सवालहरु बिषय छलफल कार्यक्रमका सहभागीहरुले राष्ट्रिय नीतिमा कार्यान्वयनको अभाव रहेको बताएका थिए भने । उनीहरुले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले व्यवहारमा पालना नगरेको समेत गुनासो गरे ।

कार्यक्रममा सिविन नेपालकी कार्यक्रम संयोजक रश्मिला शाक्यले राष्ट्रिय नीति र योजनाहरुमा बालिकाहरुको सवाललाई समावेश गरिनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै सेभ द चिल्ड्रेन नर्वेकी सीता घिमिरेले आजका बालिका नै भोलिका ५० प्रतिशत जनशक्ति भएको बताउनुभयो ।

कार्यक्रममा टिप्पणीकार सलोनी सिंहले भन्नुभयो–बालिकाहरु निश्चय पनि भोलिको उत्पादनशील श्रमशक्ति हुन् ।

सोही कार्यक्रममा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका उपसचिव लक्ष्मीप्रसाद ढकालले घरपरिवारमा जसको बढी योगदान रहेको छ उनीहरको क्षमतालाई बृद्धि गरिनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा सिविनका अध्यक्ष माधव प्रधानले राज्यले बालिकाको लागि अधिकामुखी दृष्टिकोण ल्याउनु जरुरी भएको बताउनुभयो ।

## सिविनका अध्यक्षमा माधव प्रधान

काठमाण्डौ बास– सिविन नेपालका संस्थापक अध्यक्ष गौरी प्रधान राष्ट्रिय मानवअधिकार आयोगको सदस्य पदमा नियुक्त हुनुभएको छ । विगत दुई दशकदेखि नेपालको बालअधिकार आन्दोलनमा सक्रिय रुपमा क्रियाशील प्रधानको नेपालको मानवअधिकारको आन्दोलनमा समेत उल्लेखनीय भूमिका रहेको छ । उहाँले सिविन लगायत, गैरसरकारी संस्था महासंघ नेपाल, राष्ट्रिय श्रम प्रतिष्ठान, मानवअधिकार एलान्स लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न मानवअधिकारवादी संघसंस्थाहरुमा समेत नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो ।

हाल उहाँ राष्ट्रिय मानवअधिकार आयोगमा नियुक्त भए पश्चात सिविन नेपालका अध्यक्षमा माधव प्रधान नियुक्त हुनुभएको छ । हाल गठन गरिएको सिविनको नयाँ कार्यकारिणी समितिमा उपाध्यक्ष कृष्णसुन्दरी श्रेष्ठ, महासचिव तारक धिताल, सचिव सुम्निमा तुलाधर र कोषाध्यक्ष सुवोध श्रेष्ठ रहनु भएको छ । यसैगरी सदस्यहरुमा ध्रुव कसजु, सपना शर्मा, अञ्जना अमात्य, चन्द्र पासवान र प्रेम सोडमेन रहनुभएको छ ।

# पाठक प्रतिक्रिया

बाल सरोकारलाई ई–बुलेटिनको रुपमा प्रकाशित गरेर धेरै सामाजिक संस्था तथा सामाजिक कार्यकर्तालाई उपयोगी बालअधिकार सम्बन्धी ताजा जानकारी र समाचार अध्ययन गर्न पाइयो । निरन्तरताको लागि शुभकामना ।

– चन्द्रनाथ सापकोटा
सहायक निर्देशक
चाइल्ड वातावरण केन्द्र नेपाल मण्डिखाटार, काठमाण्डौ

बाल सरोकार ई–बुलेटिन संग्रहणीय छ । बालअधिकारको समाचारलाई थप समावेश गरी धेरै पाठकसम्म पुग्न सकोस् ।

– देविका तिमल्सेना
अध्यक्ष
हाम्रो अभियान, अनामनगर काठमाण्डौ नेपाल ।

बाल सरोकारलाई अझै आकर्षक बनाइयोस् । बालअधिकार उल्लंघनका महत्वपूर्ण सन्दर्भ र घटनाको विश्लेषण हुँदा अझै राम्रो हुनेथियो । द्वन्द्व सम्बन्धी संवेदनशील घटनालाई ध्यान दिदै सामाजिक रुपमा समावेशी बनाउँदै निरन्तरता दिनुहोला, शुभकामना ।

– विक्रम सुब्बा

पत्रिका प्रकाशनगर्दा खोजमुलक र स्थानीयस्तरका गतिविधिलाई पनि समावेश गरियोस । बालबालिकाले पनि पढ्ने व्यवस्था होस ।

– गोपालकृष्ण सिवाकोटी
इनहुरेड इन्टरनेशनल

बाल सरोकारमा बालअधिकार सम्बन्धी सामान्य ज्ञान प्रतियोगिता राख्दा अझै सुनमा सुगन्ध हुने थियो ।

– मदन पौडेल
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कंलकी, काठमाण्डौ नेपाल ।

बालबालिका सम्बन्धि जानकारीको कारण पत्रिका राम्रो छ ।

–राजेशकुमार राजथला
भक्तपुर ।

बाल सरोकार जुन मिहिनेतका साथ प्रकाशित भइरहेको छ, त्यसको निरन्तरता र आम पाठकसम्म पुग्ने अपेक्षा गरेको छु ।

– शुशिला अधिकारी
नेपालका बालक्लबहरुसँग कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टीयम)

बाल सरोकार संग्रहणीय छ । बालअधिकार मञ्चहरु तथा बालअधिकारप्रति चासो राख्नेहरुसम्म समयमै पुऱ्याउन सके यसको सार्थकता बढ्ने थियो ।

– माधवराज तिवारी
बेल्कोट ७ अमारे डेउडी नुवाकोट



**विजया दशमी तथा दिपावली २०६४ को अवसरमा हामी देशमा शान्ति र समृद्धिको कामना गर्दै तमाम बालबालिका तथा पाठकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौ ।**



**बाल सरोकार तथा सिविन नेपाल परिवार**

*तथ्य/तथ्याङ्क*

## बालबालिकाको स्थिति २००७

नेपाल

१. नेपालमा १६ वर्षमुनिका बालबालिकाको संख्या कूल जनसंख्याको ४१ प्रतिशत रहेको छ ।

२. नेपालमा ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर प्रति हजार ७६ जना रहेको छ ।

३.. नेपालमा वर्षेनी २७ हजार बालबालिका झाडापखालाबाट मर्दछन् ।

४. नेपालमा ४६ प्रतिशत बालबालिका कुपोषणबाट पीडित छन् ।

५. नेपालमा ८७ प्रतिशत बालबालिका प्राथमिक विद्यालयमा भर्ना हुने गरेका छन् ।

६. नेपालको कूल ग्राहस्थ उत्पादनमा बालबालिकाको ६ प्रतिशत योगदान रहेको छ ।

७. नेपालमा अपाङ्ग बालबालिका कूल जनसंख्याको १० प्रतिशत रहेका छन् ।

८. वर्षेनी १२ हजार चेलीबेटीहरु नेपालबाट भारतमा लगेर बेचिन्छन् ।

९. नेपालमा बालश्रमिकको संख्या २६ लाख रहेको छ ।

१०. नेपालमा सडक बालबालिकाको अनुमानित संख्या ५ हजार रहेको छ ।

११. नेपालमा हुने विवाहहरुमध्ये ३४ प्रतिशत बालविवाह हुने गर्दछ ।

१२. देशमा चलेको सशस्त्र द्वन्द्वका कारण हालसम्म ४८७ बालबालिकाको मृत्यु भइसकेको छ ।

१३. नेपालमा घरेलु बालश्रमिकको संख्या ५६ हजार रहेका छ ।

१४. नेपालमा बालभरियाको संख्या ४६ हजार रहेको छ ।

१५. नेपालमा बँधुवा बालश्रमिकको संख्या ४० हजार रहेको छ ।

१६. नेपालमा ईटाभट्टामा कार्यरत बालश्रमिकको संख्या ५९ हजार रहेको छ ।

१७. नेपालमा चिया पसलमा कार्यरत बालश्रमिकको संख्या ७२ हजार रहेको छ ।

१८. नेपालमा गिट्टी कुट्ने कार्यमा ३२ हजार बालबालिका संलग्न रहेको छ ।

१९. नेपालमा मेकानिकल क्षेत्रमा कार्यरत बालश्रमिकको संख्या १५ हजार रहेको छ ।

२०. काठमाडौं उपत्यकामा यातायात श्रम क्षेत्रमा बालश्रमिकको संख्या २२ सय रहेको छ ।

२१. मादक पदार्थ सेवन गर्नेहरुमा १७.४प्रतिशत बालबालिकाहरु १०-१६ बर्ष उमेरका छन् र जसमा २१.८५ केटाहरु र ११.२ ५ केटीहरु छन् ।

२२. नेपालमा कूल बालबालिकामा २० प्रतिशत दलित बालबालिका रहेका छन् जसमा १९ लाख पर्दछ ।

## विश्व

२३. विश्वमा ५ देखि १४ वर्ष उमेर समूहका १९ करोड १० लाख बालबालिका श्रममा संलग्न रहेका छन् । जसमा (९ प्रतिशत उद्योगमा, २२ प्रतिशत अन्य र ६९ प्रतिशत कृषिमा संलग्न रहेका छन्)

२४. विश्वमा १० देखि १४ वर्ष उमेर समूहका ७ करोड ३० लाख बालबालिका श्रममा संलग्न रहेका छन् ।

२५. विश्वमा ५ देखि १४ वर्ष उमेर समूहका ७ करोड ४० लाख बालबालिका जोखिमपूर्ण श्रममा संलग्न छन्

२६.विश्वमा हरेक वर्ष २ लाख बालबालिकाहरु सशस्त्र संघर्षद्वारा सृजित हिंसाको कारण मारिने गरेका छन् ।

२७. विश्वभरि ११ करोड ५० लाख बालबालिकाहरु विद्यालय नै जान पाएका छैनन् भने करोडौं बालबालिकाहरु प्राथमिक शिक्षा पूरा नगरी विद्यालय छाड्ने गर्दछन् ।

*श्रोतः सिविन सूचना तथा श्रोत केन्द्र*

---

सिविन-नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित

सिविन-नेपाल

प्लान-नेपाल

सम्पर्क ठेगानाः पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेलःcwinpublication@gmail.com

प्रमुख सल्लाहकार : गौरी प्रधान

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल, सुम्निमा तुलाधर, सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, अञ्जना प्रधान, भुमराज तिवारी, दीपेन्द्र पण्डित

सम्पादकःविमलकुमार थापा